REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 07.03.2025

- India Today Conclave

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा आयोजना भइरहेको दुई दिवसीय India Today Conclave 2025-को पहिलो दिन केन्द्रिय मन्त्री किरेन रिजिजुको साथमा उपस्थिति जनाउँदै आपदा तयारी, सम्पर्क, पर्यावरणीय संरक्षण र सुशासनमा सिक्किमले गरेको प्रगतिमाथि प्रकाश पार्नुभयो।

The Sun Rises in the Northeast-विषयमा रहेको सम्मेलन यस क्षेत्रमा बढ्दो प्रभाव, सम्भावना र राष्ट्रको भविष्यलाई आकार दिनमा रहेको उत्तरपूर्वी क्षेत्रको महत्त्वपूर्ण योगदानमाथि केन्द्रित थियो।

यस अवसरमा बोल्दै श्री तामाङले सिक्किम प्राकृतिक प्रकोपका लागि पूर्ण रूपमा तयार रहेको र राज्यले हिमनदी ताल विस्फोट बाड़ीको जोखिमलाई न्यूनीकरण गर्न केन्द्र सरकारसितको निकट समन्वयमा काम गरिरहेछ भनी आश्वासन दिनुभयो। उहाँले पूर्वाधार विकासमाथि चर्चा गर्दै भन्नुभयो कि सिक्किम चाड़ै रेल सेवासित जोड़िनेछ अनि विकैल्पिक मार्गको कार्य पनि प्रगतिमा रहेको छ। मुख्यमन्त्रीले राष्ट्रिय राजमार्ग दश अब NHIDCL-को अधिनमा रहेको र सुव्यवस्थित हुने कुराको अवगत गराउँदै सड़क सम्पर्कमा भएको सुधारमाथि प्रकाश पार्नुभयो। यसै सिलसिलामा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कृतज्ञता व्यक्त गर्दै राजमार्गलाई आवश्यक ध्यान दिने कुराको आश्वासन दिनुभयो।

पर्यावरण संरक्षणको दिशामा राज्यले गरेको पहल जस्तै मेरो रूख मेरो सन्तती र शिशु समृद्धि योजनाको बारेमा कुरा गर्दै मुख्यमन्त्री श्री तामाङले भन्नुभयो, यो प्रधानमन्त्रीको एक पेड़ माँ के नाम जस्तो पर्यावरणीय पहलको प्रभाव हो।

सिक्किमले राज्य गठनको पचास वर्षको अवसरमा स्वर्ण जयन्ति पालन गर्न गइरहेको विषयमा बोल्दै उहाँले सिक्किमवासीले भारतीय हुनुमा गर्व गर्ने गरेको अनि यस उत्सवलाई वर्षभरि पालन गर्ने बताउनुभयो। उहाँले राज्य गठनको स्वर्ण जयन्ति समारोहको उदघाटन समारोहमा

उपस्थितिको निम्ति सिक्किमको निम्तोलाई प्रधानमन्त्री श्री मोदीले स्विकार गरेको र यो राज्यका निम्ति एउटा ऐतिहासिक माइलखुट्टी साबित हुने बताउनुभयो।

केन्द्रिय मन्त्री श्री रिजिजुले मुख्यमन्त्री श्री तामाङलाई दयालु नेता साथै प्रगतिशिल व्यक्ति बताउँदै उहाँको प्रशंसा गर्नुभयो। उहाँले सिक्किमको आर्थिक वृद्धि र पर्यावरण संरक्षणमा सन्तुलित दृष्टिकोणको प्रशंसा गर्दै अन्य राज्यहरूसित सिक्किमको शासन नमूनाबाट प्रेरणा लिने आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Jan Aushadhi Diwas

आज जन औषधि दिवस हो। यस योजनाको बारेमा जागरूकता बढ़ाउन र जेनेरिक औषधिको उपयोगलाई प्राथमिकता दिन यो दिवस पालन गरिन्छ। प्रधानमन्त्री भारतीय जन औषधि परियोजनाको उद्देश्य सबैलाई सुलभ मूल्यमा गुणस्तरीय जेनेरिक औषधि उपलब्ध गराउनु हो। रसायन तथा उर्वरक मन्त्रालयले यस पहलको समर्थन गर्न देशभरि सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिरहेछ। यता सिक्किम राज्यमा पनि यो दिवस पालन गरियो।

--------------------------------------X--------------------------------------

- Rashtriya Gokul Mission Programme

गेजिङ जिल्लाको पशुपालन तथा पशु चिकित्सा सेवा विभागले आज राष्ट्रिय गोकुल मिसनअन्तर्गत सुँगुर उत्पादन प्रोत्साहन योजना तथा चौरी पालकहरूलाई चारो वितरण कार्यक्रम आयोजन गरियो।

गेजिङको पशु चिकित्सा सेवा परिसरमा पालन गरिएको कार्यक्रममा बोल्ने क्रममा जिल्लाधीश तेञ्जीङ D डेञ्जोङपाले राष्ट्रिय गोकुल मिसन जस्तो पहलमार्फत पारम्परिक चौरी पालनको संरक्षण र समर्थनमा रहेको सरकारको प्रतिबद्धतामाथि प्रकाश पार्दै कृषहरूलाई यसलाई पूर्ण प्रतिबद्धताका साथ अघि बढ़ाउन प्रोत्साहित गर्नुभयो। उहाँले लाभार्थीहरूलाई पशु धनको कल्याणका निम्ति उपलब्ध संसाधनलाई अधिक मात्रामा प्रयोग गर्न प्रोत्साहित पनि गर्नुभयो।

यस अवसरमा सुँगुर उत्पादन प्रोत्साहन योजनाअन्तर्गत उन्तीसजना लाभार्थीहरूलाई प्रोत्साहन राशि प्रदान गरियो, जसमा एक वर्षका निम्ति तीनवटा पशुको बीमा पनि समावेश छ। यसैगरी उन्नाइसजना चौरी पालकहरूलाई उच्च उर्जायुक्त चारो प्रदान गरियो।

- <u>Women’s Day Celebration</u>

भोली अन्तरराष्ट्रिय महिला दिवस हो। यस वर्ष अन्तरराष्ट्रिय महिला दिवसको विषय रहेको छ कार्यमा गती ल्याउँ। यसको एक दिनअघि पाकिम जिल्लाले अन्तरराष्ट्रिय महिला दिवससितै बेटी बचाओ बेटी पढ़ाओ पहलको दशौं वर्षगाँठको समापन समारोह पालन गऱ्यो। यहाँको Rurban परिसरमा आज सम्पन्न कार्यक्रममा महिलाहरूको जीवनमा पर्ने प्रभावलाई स्विकार गर्दै अतिरिक्त जिल्लापाल (विकास) रोबिनप्रसाद सेवाले समुदायलाई माथि उठाउनका साथै परिवारको पालनपोषण र पर्यावरण संरक्षणमा रहेको उनीहरूको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नुभयो।

महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागद्वारा आयोजित कार्यक्रममा विभागकी उपनिदेशक डिकित लेप्चाले बेटी बचाओ बेटी पढ़ाओको महत्त्वमाथि प्रकाश पार्नुभयो, जसले महिलाहरूका निम्ति समानता र उन्नतीको समर्थन गर्दछ।

आकाशवाणी गान्तोकले पनि आज आफ्नो कार्यालय परिसरमा अन्तरराष्ट्रिय महिला दिवस पालन गऱ्यो। यस अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने महिलाहरूलाई सम्मान जनाइयो।

--------------------------------------X--------------------------------------

- <u>Weather</u>

रज्यमा विगत केही दिनदेखि तापमानमामा वृद्धि भइरहेछ। आज आकाशमा बादल छाएको भए तापनि तापमानमा भने केही वृद्धि देखिएको छ।
स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान आठ दशमलौ आठ डिग्री सेल्सियस र अधिकतम तापमान बाह्र दशमलौ नौं डिग्री सेल्सियस रेकार्ड गरियो।
भोली आकाश सामान्य रूपमा बादलले ढाक्ने अनि हल्का वर्षा हुनका साथै चट्याङ हान्ने पूर्वानुमान छ। विभागले दिएको जानकारीअनुसार भोली अधिकतम तापमान बाह्र डिग्री सेल्सियस र न्यूनतम नौं डिग्री सेल्सियल रहनेछ।

--------------------------------------X--------------------------------------